## सूचना ६

श्री ५ को सरकारले मिति २०४२।७।२३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री ध्रुवप्रसाद पौडेललाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ।

## सूचना ७

श्री ५ को सरकारले मिति २०४२।७।३० को निर्णयानुसार राजपत्र अनंकित प्रथम श्रेणीका श्री खड्गप्रसाद ढकाललाई नेपाल प्रशासन सेवा (लेखा समूह), राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ।

## सूचना ८

श्री ५ को सरकारले मिति २०४२।८।१७ को निर्णयानुसार श्री ज्ञानीलाल भोछी भोयालाई नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (टेक्सटाइल टेक्नोलजिष्ट) पदमा १ वर्षको परीक्षण कालमा रहने गरी नियुक्ति गरी नेपाल गुणस्तर कार्यालयमा पदस्थापन गरेको छ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले एशिया र प्रशान्त क्षेत्रको लागि एकीकृत ग्रामीण विकास केन्द्रको गभर्निङ्ग काउन्सीलको बैठकमा भागलिन इण्डोनेशियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४२।८।३० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५२